कर्णाली प्रदेशको पहिलो दैनिक

# कांक्रेविहार

www .kankrebihar .com

राष्ट्रिय दैनिक

वर्ष : २६ | अंक : २८ | बिहीवार, २९ असोज, २०८३ | Thursday, 15 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०




# सात वर्षमा १६ लाख पर्यटकको रोजाइमा कर्णाली

चाँदनी कठायत
सुर्खेत, २८ असोज

'नेपाल भ्रमण वर्ष २०२०' सुरु भएपछि कर्णाली प्रदेश सरकारले पनि २०७६ पुसमा 'यसपाली घुमौं कर्णाली' भन्ने नारासहित पर्यटन वर्ष घोषणा गऱ्यो। कर्णालीका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई देशविदेशमा चिनाउने र प्रदेशमा पर्यटकको आवागमन बढाउने उद्देश्यले सुरु गरिएको अभियानपछि पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा सरकारले लगानी बढाउँदै लगेको छ। त्यसयता कर्णालीका विभिन्न पर्यटकीय गन्तव्यमा १६ लाखभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक पुगेका छन्। तर, पर्यटकको संख्या बढे पनि कर्णालीको पर्यटनले अपेक्षित गति लिन भने अझै सकेको छैन।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०८२/०८३ सम्म सात वर्षको अवधिमा कर्णालीका विभिन्न पर्यटकीय गन्तव्यमा १६ लाख ३९ हजार आठ सय ४३ पर्यटक पुगेका छन्। आर्थिक वर्ष २०७६र०७७ मा ११ हजार सात सय चार पर्यटक कर्णाली भित्रिएकोमा गत आर्थिक वर्ष २०८२र०८३ मा पाँच लाख ४० हजार सात सय २८ पुगेका छन्।

पर्यटकको यो संख्याले कर्णालीका पर्यटकीय गन्तव्यप्रति आकर्षण बढ्दै गएको देखाउँछ। प्रदेश सरकारले पर्यटन पूर्वाधार निर्माण तथा प्रवर्द्धनमा लगानी बढाएको छ। यद्यपि, कर्णालीको पर्यटन सम्भावनालाई हेर्दा यो उपलब्धि पर्याप्त छैन। प्रमुख पर्यटकीय गन्तव्यसम्म पुग्ने सहज पहुँचमार्गको अभाव, प्रचारप्रसारमा कमजोरी र आवश्यक पर्यटकीय पूर्वाधारको कमीले यहाँको पर्यटन विकास अपेक्षाअनुसार अगाडि बढ्न सकेको छैन।



मुगुका पर्यटन उद्यमी राजु कार्कीका अनुसार कर्णालीको पर्यटन विकासका लागि प्राकृतिक सम्पदाको संरक्षणसँगै पर्यटकलाई आवश्यक पूर्वाधार र सेवासुविधाको व्यवस्था गर्न जरुरी छ। 'रारा र शे-फोक्सुण्डोजस्ता प्रसिद्ध गन्तव्यदेखि सिंजा उपत्यका, लिमी उपत्यका, पञ्चकोशी र अन्य धार्मिक तथा सांस्कृतिक सम्पदासम्म विविध पर्यटकीय आकर्षण छन्,' उनले भने, ' यी सम्पदालाई व्यवस्थित रुपमा संरक्षण र प्रवर्द्धन गर्न सके कर्णालीको पर्यटनले नयाँ उचाइ लिन सक्छ तर सम्भावना हुनु र त्यसलाई आर्थिक उपलब्धिमा रुपान्तरण गर्नु फरक कुरा हुन्।'

पर्यटकीय गन्तव्यसम्म पुग्ने बाटो, सुरक्षित आवास, गुणस्तरीय खाना, सरसफाइ, भरपर्दो सञ्चार र आपत्कालीन सेवाजस्ता आधारभूत आवश्यकता पूरा नभएसम्म पर्यटन

बाँकी पृष्ठ २

## रारामा सात वर्षमा एक लाखभन्दा बढी पर्यटक



कर्णालीको प्रमुख पर्यटकीय गन्तव्य मुगुको रारा ताल आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै आएको छ। स्वर्गकी अप्सराको उपमा पाएको रारा तालमा आर्थिक वर्ष २०७६/०७७ मा १० हजार ३६ पर्यटक पुगेका थिए। सात वर्षको अवधिमा रारामा पुग्ने पर्यटकको कुल स ्या एक लाख पाँच हजार एक सय ८४ पुगेको छ। गत आर्थिक वर्षमा मात्रै रारा ताल अवलोकन गर्न २४ हजार नौ सय ३१ पर्यटक पुगेका छन्।

त्यस्तै, डोल्पाको शे-फोक्सुण्डो ताल पनि कर्णालीको अर्को प्रमुख पर्यटकीय गन्तव्य हो। मन्त्रालयको तथ्याङ्कअनुसार सात वर्षको अवधिमा शे-फोक्सुण्डोमा २६ हजार पाँच सय ८५ पर्यटक पुगेका छन्। प्राकृतिक सौन्दर्यका दृष्टिले महत्त्वपूर्ण यी दुवै गन्तव्य कर्णालीको पर्यटन पहिचानसँग जोडिएका छन्।

रारा र शे-फोक्सुण्डोबाहेक सुर्खेतको गोठीकाँडा, प्रादेशिक सहिद पार्क, बुलबुले ताल र काँक्रेविहार तथा सल्यानको कुपिण्डे तालमा पनि पर्यटक पुग्ने गरेका छन्। हुम्लाको मानसरोवरलगायत पर्यटकीय क्षेत्रमा हवाई मार्गबाट जाने पर्यटकको संख्या पनि उल्लेख्य छ। मन्त्रालयका वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाका वरिष्ठ डिभिजनल जलाधार व्यवस्थापन अधिकृत शेरबहादुर श्रेष्ठका अनुसार गत आर्थिक वर्षमा हवाई मार्ग प्रयोग गरी हुम्लाको मानसरोवरलगायत पर्यटकीय क्षेत्र पुग्ने पर्यटकको संख्या चार हजार पाँच सय ८९ थियो।

## पर्यटनमा बढ्दो सरकारी लगानी

कर्णाली प्रदेश सरकारले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि पछिल्ला वर्षमा बजेट बढाउँदै लगेको छ। आर्थिक वर्ष २०७८/०७९ मा पर्यटन क्षेत्रमा २३ करोड १५ लाख रुपैयाँ विनियोजन गरिएको थियो। आर्थिक वर्ष २०७९/०८० मा ३४ करोड ५७ लाख, आर्थिक वर्ष २०८०/०८१ मा ४१ करोड ९९ लाख र आर्थिक वर्ष २०८१/०८२ मा ४० करोड ५१ लाख रुपैयाँ विनियोजन गरिएको थियो। त्यस्तै, आर्थिक वर्ष २०८२/०८३ मा ५० करोड ४० लाख रुपैयाँ छुट्याइएकोमा चालु आर्थिक वर्ष २०८३/०८४ का लागि पर्यटन क्षेत्रमा ५३ करोड ८६ लाख रुपैयाँ विनियोजन गरिएको छ। बजेटको आकार बढेसँगै प्रदेश सरकारले पर्यटनलाई आर्थिक रूपान्तरण, रोजगारी सिर्जना र स्थानीय समृद्धिको प्रमुख आधार बनाउने नीति लिएको छ।

चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा कर्णाली पर्यटन दशक सुरु गर्ने घोषणा पनि गरिएको छ। यस अभियानमार्फत प्रमुख पर्यटकीय गन्तव्यको संरक्षण, पूर्वाधार निर्माण, पहुँच विस्तार, प्रचारप्रसार तथा पर्यटन सेवाको गुणस्तर सुधारलाई प्राथमिकता दिने सरकारको लक्ष्य छ। उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्काले पर्यटन दशकको नीति कार्यान्वयन गर्न आवश्यक नीतिगत तयारी थालिने बताइन्। उनका अनुसार दस वर्षको योजना भएकाले व्यापक तयारी गर्नुपर्ने हुन्छ। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि निर्माण गर्ने विषयमा प्रारम्भिक छलफलसमेत भएको छ।

# १० देशका राजदूतको नाम संसदीय सुनुवाइ समितिबाट अनुमोदन



काँक्रेविहार संवाददाता
काठमाडौं, २८, असोज

संसदीय समितिले १० देशका राजदूतका लागि सिफारिस नाम अनुमोदन गरेको छ।

बुधबार बसेको संसदीय सुनुवाइ समितिको बैठकले भारत, चीन लगायत १० देशका लागि सिफारिस राजदूतको नाम अनुमोदन गरेको हो।

समितिबाट राजदूतका लागि अनुमोदित नामहरूमा भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजंग थापा, बेलायतका लागि गौरवशमशेर जंगबहादुर राणा, जर्मनीका लागि सरू जोशी छन् ।

त्यसैगरी इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका निम्ति प्राप्ति शेरचन, ओमानका निम्ति डा. पद्माक्षी राणा, दक्षिण कोरियाका निम्ति प्रा.डा. संगम श्रेष्ठ र श्रीलंकाका लागि डा. मंचलाकुमारी झा रहेका छन् ।

असोज २ गते बसेको मन्त्रिपरिषद्को बैठकले १३ देशका लागि राजदूत सिफारिस गरेको थियो।

# वीरेन्द्रनगर सहकारीको अध्यक्षमा पुनः बिसी निर्विरोध निर्वाचित

काँक्रेविहार संवाददाता
सुर्खेत, २८ असोज

वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २५औं वार्षिक साधारणसभाले बमबहादुर बिसीको अध्यक्षतामा नयाँ सञ्चालक समिति निर्विरोध निर्वाचित गरेको छ। निर्वाचनसहितको साधारणसभा सम्पन्न भएसँगै संस्थाको अध्यक्षमा बिसी चयन भएका हुन्।

असोज २४ र २५ गते सम्पन्न सातवटा एकाइ बैठकबाट भएका निर्णयलाई असोज २८ गतेको एकाइ प्रतिनिधिहरूको निर्णय प्रमाणीकरण सभाले पारित गरेपछि साधारणसभा सम्पन्न भएको हो।



सभाले नौ सदस्यीय सञ्चालक समिति र लालबहादुर खड्काको संयोजकत्वमा तीन सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्विरोध निर्वाचित गरेको छ। सञ्चालक समितिको उपाध्यक्षमा श्याम पौडेल, सचिवमा राजन रजवार र कोषाध्यक्षमा इन्द्रा हमाल चयन भएका छन्। सदस्यहरूमा कमलप्रसाद नेपाल, देविराम बोहरा, शान्ति पोखरेल, विद्या खत्री र होमबहादुर रामजाली निर्वाचित भएका छन्।

त्यसैगरी लेखा सुपरिवेक्षण समितिको संयोजकमा लालबहादुर खड्का तथा सदस्यमा बेचुलाल चौधरी र मोतिप्रसाद सापकोटा चयन भएका छन्।

साधारणसभामा संस्थाको आर्थिक वर्ष २०८२/८३ को प्रगति प्रतिवेदन, नीति तथा कार्यक्रम, बजेट र अन्तिम लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गरिएको थियो। संस्थाले उक्त आर्थिक वर्षमा एक करोड १६ लाख ८४ हजार ८२५ रुपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको प्रतिवेदनमा उल्लेख छ।

समीक्षा अवधिमा संस्थाको कुल सम्पत्ति एक अर्ब ५३ करोड २५ लाख ६७ हजार २५ रुपैयाँ पुगेको छ। संस्थामा सदस्यहरूको बचत एक

बाँकी पृष्ठ ३

# प्रशासनिक भवनको अपांगता पहुँच परीक्षण

काँक्रेविहार संवाददाता
सुर्खेत, २८ असोज

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाको नवनिर्मित भवनको पहुँच परीक्षण गरिएको छ। नगरपालिकाको नवनिर्मित भवनबाट सेवा लिनुपर्ने सबै प्रकारका मानिसका लागि समान पहुँचयुक्त भए/नभएको बारेमा परीक्षण गरिएको हो। बुधबार वीरेन्द्रनगर नगरपालिकाको स्थानीय समन्वय समितिको पहलमा भवनको 'भवनको अपांगता पहुँचयुक्त' परीक्षण गरिएको हो। राष्ट्रिय अपांग महासंघ नेपालको आयोजना तथा द एसिया फाउण्डेसनको सहयोगमा सञ्चालित 'स्थानीय सरकार सवलीकरण' परियोजनाअन्तर्गत नगरपालिका भवनको परीक्षण गरिएको हो।



सबै प्रकारका अपांगता भएकाहरुको पहुँचका लागि भवनको आवश्यक संरचना, निर्माणको डिजाइनलगायत प्रवेशद्वारदेखि कार्य कक्षसम्मको परीक्षण गरिएको हो। उक्त परीक्षणमा निर्माण कम्पनीका प्राविधिक, नगरपालिकाका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुलाई पनि समावेश गरिएको थियो। अपांगता भएकाहरुलाई समेत उक्त परीक्षणमा सहभागी गराईएको थियो। कर्णाली प्रदेशको राजधानी भएको नगरपालिकामा प्रदेशमै धेरै सेवाग्राही हुने भएकाले अनिवार्य रुपमा कार्यपालिका भवन समान पहुँचयुक्त हुनेमा जोड दिईएको छ।

मुख्य संरचना निर्माण भएपनि फिनिसिङ गर्न बाँकी रहेको भवनमा अधिकांश संरचना पहुँचयोग्य रहेको राष्ट्रिय अपांग महासंघ कर्णाली प्रदेशले जनाएको छ। परीक्षणका क्रममा दर्ता चलानी लगायतका महत्वपूर्ण कार्यकक्ष बाहिर ब्रेललिपी र सांकेतिक चिह्न राख्न, टेक्टायल राख्न, आवश्यक र्याम्प निर्माण तथा सुधार गर्न सुझाव दिईएको छ। यस्तै अपांगता भएका व्यक्तिले प्रयोग गर्ने सवारी साधन पार्किङका लागि छुट्टै पार्किङ स्थल छुट्याउन र सांकेतिक चिह्न

बाँकी पृष्ठ २

## सम्पादकीय

# स्थानीय पशुपालन प्रवर्द्धनमा ध्यान दिऔं

दशैं नेपालीको प्रमुख चाड हो । यस अवसरमा मासुको माग बढ्नु स्वाभाविक छ । विशेषगरी हिमाली भेगमा उत्पादित भेडा र च्याङ्ग्रा दशैंको सांस्कृतिक तथा परम्परागत महत्त्वसँग जोडिएका छन् । तर तिब्बतबाट च्याङ्ग्रा आउन छाडेपछि कर्णालीका हिमाली जिल्लासहित सुर्खेतका बजारमा च्याङ्ग्राको अभाव देखिएको छ । यसले आयातमा निर्भर बजार व्यवस्थापनको कमजोरी उजागर गर्नुका साथै स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्ने आवश्यकतालाई स्मरण गराएको छ । विगतमा तिब्बतबाट ठूलो सत्त्यामा च्याङ्ग्रा भित्रिने गरे पनि पछिल्ला वर्षमा आपूर्ति अवरूद्ध हुँदा बजारमा अभाव सिर्जना भएको छ । अर्कोतर्फ, स्थानीयस्तरमा उत्पादन भएका च्याङ्ग्राले पनि माग धान्न सकेका छैनन् । ढुवानीको कठिनाइ, सडक अवरोध, हिमपात, पहिरो र बढ्दो लागतले पशुपालक तथा व्यापारी समस्यामा परेका छन् । यसले उपभोक्ताले सहज रूपमा च्याङ्ग्रा पाउने अवस्था कमजोर बनाएको छ ।

कर्णाली प्रदेशमा पशुपालनको पर्याप्त सम्भावना छ । हिमाली जिल्लाको भौगोलिक अवस्था भेडा तथा च्याङ्ग्रापालनका लागि उपयुक्त छ । तर सम्भावनाअनुसार उत्पादन वृद्धि, व्यावसायिक पालन र बजार विस्तार हुन सकेको छैन । सरकारले पशुपालकलाई प्राविधिक सहयोग, सहुलियत ऋण, पशु स्वास्थ्य सेवा र बजारको सुनिश्चितता प्रदान गर्नुपर्छ । उत्पादनदेखि बिक्रीसम्मको व्यवस्थित शृत्ला निर्माण गर्न सके स्थानीय किसानको आम्दानी बढ्नुका साथै बाह्य बजारमाथिको निर्भरता पनि घट्नेछ । यसका साथै हिमाली जिल्लाबाट सुर्खेतलगायत प्रमुख सहरसम्म पशु ढुवानी गर्न सहज सडक, सुरक्षित मार्ग र आवश्यक पूर्वाधार विकासमा ध्यान दिनुपर्छ । स्थानीय उत्पादनको अवस्था, माग र आपूर्तिको तथ्यांक संकलन गरी दीर्घकालीन योजना बनाउन पनि जरूरी छ । सम्बन्धित सरकारी निकायले बजार मूल्य नियन्त्रण र आपूर्ति व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ । पशुपालकलाई उचित मूल्य दिलाउने र उपभोक्तालाई सुपथ मूल्यमा मासु उपलब्ध गराउने नीति आवश्यक छ ।

च्याङ्ग्राको अभावलाई केवल चाडपर्वको अस्थायी समस्याका रूपमा हेर्नु उचित हुँदैन । यो स्थानीय उत्पादन, बजार व्यवस्थापन र कृषि नीतिसँग जोडिएको विषय हो । त्यसैले कर्णालीको पशुपालनलाई व्यवसायिक बनाउँदै स्थानीय उत्पादनको संरक्षण र प्रवर्द्धन गर्न सके चाडपर्वको माग धान्नुका साथै किसानको आर्थिक समृद्धिमा योगदान पुग्नेछ । यसका लागि तीनै तहका सरकारले समन्वय गरी उत्पादन वृद्धि, बजारीकरण र पशुपालकको हित संरक्षणलाई प्राथमिकतामा राख्नुपर्छ । स्थानीय स्रोतसाधनको सदुपयोगबाट आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने अवसर गुमाउनु हुँदैन ।

# चाडपर्वको मौसम, घरको सम्झना




केही दिनहरू पात्रोमा तोकिएको मितिमा मात्र सीमित हुँदैनन् । केही दिन चाडपर्व बनेर आउँछन्, केही परम्परा पुस्तौँदेखि हस्तान्तरण हुँदै हाम्रो पहिचान बनिदिन्छन् । जहाँ घरको आँगनमा मखमली र सयपत्री फूल फुलेका हुन्छन्, जमराको सुगन्ध फैलिएको हुन्छ, भान्साबाट विभिन्न परिकारको मगमग बास्ना आइरहेको हुन्छ, अनि घरभरि आफ्ना मान्छेहरूको उपस्थितिले घर नै पूर्ण भएको महसुस गराउँछ ।

चाडपर्वको मौसम सुरु हुनासाथ मनमा छुट्टै उमङ्ग छाउँछ । वरिपरि बज्ने चाडपर्वका धुनहरू, बजारमा देखिने रङ्गीचङ्गी सजावट र सामाजिक सञ्जालमा देखिने रमाइला तस्वीरहरूले मनलाई खुसी त बनाउँछन्, तर कताकता आफ्नै घरको सम्झनाले मन भारी पनि बनाउँछन् ।

सायद त्यसैले होला, परदेशमा बसेपछि चाडपर्वको अर्थ अझ गहिरोसँग बुझिँदो रहेछ । आफ्नो माटोबाट टाढा भएपछि मात्रै त्यहाँसँग जोडिएका सम्बन्ध, संस्कार र सम्झनाहरूको अमूल्य महत्त्व महसुस हुँदो रहेछ । जीवन एउटा चक्र हो । यो चक्रले सबैलाई सधैँ एकै ठाउँमा राखिरहँदैन । काम, रोजगारी र भविष्यका सपना बोकेर हजारौँ नेपाली आफ्नो मातृभूमिबाट टाढा सात समुद्रपारि पुग्छन् । परदेशले अवसर र सुनौलो भविष्य त दिन्छ, तर कहिलेकाहीँ आफ्ना मान्छेहरूसँग बिताउन नपाएका ती साना-साना क्षणहरूको अभावले मनलाई क्षणभरमै निराश बनाइदिन्छ ।

विदेशको व्यस्त शहरमा बसेर चाडपर्वको मौसम पर्खिरहँदा मन अनायासै आफ्नै घरको आँगनतिर पुग्छ । सम्झनामा आउँछन्– आमाबुबाको हातको टीका, हजुरआमाले दिने मायालु आशीर्वाद, दिदीबहिनीसँग के लगाउने र कस्तो लगाउने भनेर गरिने कुराकानी, दाजुभाइसँग 'मेरो राम्रो फोटो खिचिदे है' भन्दै गरिने सानातिना झगडा अनि छरछिमेकमा देखिने चाडपर्वको चहलपहल । दूरीले शरीरलाई टाढा बनाए पनि चाडपर्वले मनलाई भने बारम्बार आफ्नै आँगनमा फर्काइदिन्छ ।

हामी जहाँ पुगे पनि हाम्रो भाषा, संस्कृति र परम्पराले हामीलाई आफ्नै माटोसँग जोडिरहन्छ । पुस्ता फेरिएलान्, बसाइँ सर्ने ठाउँ फेरिएलान्, तर आफ्नोपनको अनुभूति र संस्कृतिप्रतिको माया पुस्तौँसम्म हस्तान्तरण भइरहन्छ ।

हुन त परदेशमा पनि चाडपर्व आउँछ । सबै जना भेला हुन्छौँ, जमरा रोप्छौँ, टीका लगाउँछौँ, दक्षिणा र आशीर्वाद लिन्छौँ, देउसीभैलो खेल्छौँ र विभिन्न कार्यक्रम पनि आयोजना गर्छौं । नेपालीपन झल्काउँछौँ, नेपाली परिकार बनाउँछौँ र नेपाली पहिरनमा सजिन्छौँ । केही समयका लागि त लाग्छ, हामी नेपालमै छौँ कि । तर, कार्यक्रम सकिएपछि जब आफ्नै कोठातिर फर्किन्छौँ, फेरि वास्तविकताले झस्काउँछ । ओहो, घर त लाखौँ किलोमिटर टाढा पो रहेछ ।

बाल्यकालमा चाडपर्व आउँदा हामीलाई नयाँ लुगा लगाउने, मीठामीठा परिकार खाने, दक्षिणा पाउने र मामाघर जाने उत्साह हुन्थ्यो । कहिले दसैँ त कहिले तिहार भन्दै दिन गनेर बसिन्थ्यो । घरको आँगनमा जमरा उम्रिँदा होस् या तिहारमा झिलीमिली बत्ती बाल्दा, गाउँघर नै छुट्टै रौनकले भरिएको हुन्थ्यो । त्यतिबेला खुसी हुन धेरै कुरा चाहिँदैनथ्यो । आफ्ना मान्छेहरूसँगै हुनु नै सबैभन्दा ठूलो उत्सव थियो । आज ती दिनहरू सम्झनामा मात्र बाँकी छन् । दाजुभाइ र दिदीबहिनीको हाँसो, परिवारसँग बिताएका पलहरू अनि मनको कुनामा वर्षौंदेखि सजिएर बसेका अनगिन्ती सम्झनाहरू ।

सायद चाडपर्वको सबैभन्दा सुन्दर पक्ष नै यही हो । यसले हाम्रा संस्कार, रीतिरिवाज र परम्परालाई जीवित राख्छ । हामी जहाँ पुगे पनि हाम्रो भाषा, संस्कृति र परम्पराले हामीलाई आफ्नै माटोसँग जोडिरहन्छ । पुस्ता फेरिएलान्, बसाइँ सर्ने ठाउँ फेरिएलान्, तर आफ्नोपनको अनुभूति र संस्कृतिप्रतिको माया पुस्तौँसम्म हस्तान्तरण भइरहन्छ । चाडपर्व आउँछन्, जान्छन् । पात्रो फेरिन्छ, वर्ष फेरिन्छ, समयसँगै हाम्रो बसाइ र परिवेश पनि फेरिन्छ । तर, घरको सम्झना कहिल्यै पुरानो हुँदैन । बाल्यकालमा सामान्य लागेका ती क्षणहरू कति अमूल्य थिए भन्ने कुरा सायद त्यतिबेला महसुस गर्न सकेनौँ । आज समयले हामीलाई घरबाट टाढा पुऱ्याएको छ, अनि त्यही समयले ती साना-साना खुसीहरूको महत्त्व अहिले बुझाउँदै छ ।

सायद घर भनेको केवल एउटा ठाउँ होइन । घर त ती मान्छेहरूको न्यानोपन हो, जहाँ हामीले पूर्ण महसुस गर्छौं । परदेशमा त छ केवल मिहिनेत, जिम्मेवारी, अधुरा सपना, आफ्ना मान्छे र ती बितिसकेका सुनौला दिनहरू । घर फर्केर जान त सकिएला, तर समयलाई फर्काएर फेरि त्यही बाल्यकाल बाँच्न त कदापि सकिँदैन । र, यो समयलाई टाढा त पुऱ्याउन सकिन्छ, तर सम्झनाबाट कहिल्यै मेटाउन सकिँदैन ।

## प्रशासनिक...

राख्न पनि सुझाव दिईएको छ । अपांगता भएका व्यक्तिहरुले भवनमा सहज, सुरक्षित र सम्मानजनक रुपमा प्रवेश गर्न, आवतजावत गर्न तथा सेवा लिन सक्छन् कि सक्दैनन् भन्ने मूल्याङ्कन गर्ने उद्देश्यले भवनहरुको पहुँच परीक्षण गरिन्छ । यस्तो परीक्षणमा भवनको प्रवेशद्वार, र्याम्प, भर्याङ, लिफ्ट, ढोका, शौचालय, करिडोर, संकेत चिह्न तथा पार्किङजस्ता संरचना अपाङ्गतामैत्री छन् वा छैनन् भन्ने जाँच गरिन्छ । विशेषगरी शारीरिक अपांगता भएका व्यक्ति, ह्विलचेयर प्रयोगकर्ता, दृष्टि तथा श्रवणसम्बन्धी अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकले भवनभित्रका सेवा तथा सुविधामा समान पहुँच पाउन सक्ने अवस्था छ कि छैन भन्ने पहिचान गर्न यो परीक्षण आवश्यक हुन्छ । भवन निर्माण आचारसंहितामा पनि अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य व्यक्तिले भवनमा सहज, सुरक्षित र सम्मानजनक रुपमा प्रवेश गर्न, आवतजावत गर्न र सेवा सुविधा उपयोग गर्न सक्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक भवनमा अपांगतामैत्री प्रवेशद्वार, आवश्यकताअनुसार र्याम्प, ह्विलचेयर आवतजावत गर्न मिल्ने ढोका र करिडोर, पहुँचयोग्य शौचालय, लिफ्ट तथा दृष्टि र श्रवणसम्बन्धी अपांगता भएका व्यक्तिका लागि उपयुक्त संकेत र सूचना प्रणालीको व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## सात...

विस्तारले गति लिन कठिन हुन्छ । त्यसैले सरकारले प्रचारप्रसारसँगै आधारभूत पूर्वाधार र सेवा सुधारमा समान प्राथमिकता दिनुपर्ने कार्कीको भनाइ छ ।

**पछिल्ला वर्षमा बढे पर्यटक**

मन्त्रालयको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/०७८ मा कर्णालीका विभिन्न पर्यटकीय गन्तव्यमा ३४ हजार ६९ पर्यटक पुगेका थिए । आर्थिक वर्ष २०७८/०७९ मा यो संख्या बढेर एक लाख २७ हजार २९ पुगेको थियो । आर्थिक वर्ष २०७९र०८० मा एक लाख ९८ हजार एक सय ३४ र आर्थिक वर्ष २०८०/०८१ मा दुई लाख १० हजार पाँच सय ९० पर्यटक पुगेका थिए ।

त्यस्तै, आर्थिक वर्ष २०८१/०८२ मा पाँच लाख ४१ हजार आठ सय ८९ पर्यटक कर्णालीका विभिन्न गन्तव्यमा पुगेका थिए । गत आर्थिक वर्ष २०८२/०८३ मा भने पाँच लाख ४० हजार सात सय २८ पर्यटक पुगेको मन्त्रालयको तथ्याङ्क छ ।

यी विवरणले पछिल्ला वर्षमा कर्णालीका पर्यटकीय गन्तव्यमा पर्यटकको आवागमन बढेको देखाउँछन् । तर, प्रदेशका सबै पर्यटकीय क्षेत्रले समान रूपमा पर्यटक आकर्षित गर्न सकेका छैनन् । रारा र शे-फोक्सुण्डोजस्ता गन्तव्यले कर्णालीलाई चिनाइरहेका बेला अन्य सम्भावनायुक्त क्षेत्रको प्रचारप्रसार तथा पूर्वाधार विकासमा पनि जोड दिनुपर्ने देखिन्छ ।

**पाँच पर्यटकीय गन्तव्यको विकासमा २१ करोड ३५ लाख**

पर्यटन दशकको तयारीसँगै प्रदेश सरकारले प्रमुख पर्यटकीय गन्तव्यको संरक्षण र विकासका लागि बजेट विनियोजन गरेको छ । चालु आर्थिक वर्षमा मुगुको रारा ताल, सुर्खेतको काँक्रेविहार, बुलबुले उद्यान तथा चौगान पार्क, सल्यानको कुपिण्डे दह र रुकुम पश्चिमको स्यार्पु तालको संरक्षण तथा विकासका लागि २१ करोड ३५ लाख रुपैयाँ छुट्याइएको छ ।

यी गन्तव्यको विकासका लागि यसअघि तयार गरिएका गुरुयोजनाको कार्यान्वयनलाई थप प्रभावकारी बनाउने सरकारको योजना छ । यस्तै, सुर्खेत विमानस्थलको विस्तार तथा स्तरोन्नतिलगायत आवश्यक कार्यका लागि पाँच करोड रुपैयाँ विनियोजन गरिएको मन्त्रालयले जनाएको छ । सुर्खेत विमानस्थलबाट हिमाली जिल्लाका विमानस्थलमा नियमित हवाई उडान सञ्चालन गर्न सङ्घीय सरकारसँग समन्वय गरी सहुलियत कार्यक्रम उपलब्ध गराउने योजना पनि प्रदेश सरकारको छ । दुर्गम हिमाली जिल्लाका पर्यटकीय गन्तव्यसम्म पुग्न सडक यातायात कठिन हुने अवस्थामा हवाई सेवाको सहजताले पर्यटन आवागमनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसका अतिरिक्त सहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि, हरित वातावरणको संरक्षण तथा पर्यापर्यटनको दिगो विकासमार्फत स्थानीय अर्थतन्त्र सुदृढ गर्न पार्क, उद्यान, खुला स्थान, पदमार्ग, दृश्यावलोकन स्थल तथा प्राकृतिक, धार्मिक र सांस्कृतिक पर्यटकीय पूर्वाधार निर्माण एवं स्तरोन्नतिका लागि ३९ करोड ९६ लाख रुपैयाँ विनियोजन गरिएको छ । यी कार्यक्रम पनि पर्यटन दशकअन्तर्गत सञ्चालन गर्ने सरकारको योजना छ । होमस्टे र स्थानीय रोजगारीमा जोड

कर्णालीको पर्यटन विकासलाई स्थानीय अर्थतन्त्रसँग जोड्न प्रदेश सरकारले पर्यापर्यटन, ग्रामीण पर्यटन र होमस्टे प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ । पर्यटनसम्बन्धी रोजगारी सिर्जना गर्न हस्पिटालिटी, ट्रेकिङ गाइड, स्थानीय मौलिक वास्तुकला तथा रैथाने बालीबाट उत्पादित परिकारसम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको छ । मन्त्रालयका सूचना अधिकारी नेपालीका अनुसार पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि चालु आर्थिक वर्षमा ५३ करोड ८६ लाख रुपैयाँ बजेट व्यवस्थापन गरिएको छ ।कर्णालीमा रारा, शे-फोक्सुण्डो, स्यार्पु, कुपिण्डे, काँक्रेविहार, पञ्चकोशी, सिंजा र लिमी उपत्यकालगायत प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले पर्यटनको सम्भावना बोकेका छन् । यी गन्तव्यलाई जोडेर पर्यटन सर्किट विकास गर्ने अवधारणा प्रदेश सरकारले यसअघि नै अघि सारेको थियो ।

अहिले सरकारको जोड पर्यटकलाई गन्तव्यसम्म पुऱ्याउने मात्र नभई त्यहाँको बसाइ लम्ब्याउने वातावरण निर्माणमा पनि छ । यसका लागि पर्यटन सूचना तथा अभिलेख केन्द्र, पर्यटकसम्बन्धी सूचना सामग्री र गाइडबुक प्रकाशन तथा सुरक्षा र आपत्कालीन सहयोग संयन्त्र विकासका कार्यक्रम अघि बढाइएको मन्त्रालयले जनाएको छ ।प्रदेश सरकारले पर्यटन क्षेत्रमा लगानी बढाए पनि कर्णालीका पर्यटकीय गन्तव्यमा पूर्वाधार अभाव, कमजोर सडक पहुँच, होटल तथा खानेपानीको कमी र प्रचारप्रसारको अभाव प्रमुख चुनौतीका रुपमा रहेका छन् । पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक सहज नहुँदा पर्यटकले लामो यात्रा गर्नुपर्ने अवस्था छ । कतिपय क्षेत्रमा पर्यटकलाई आवश्यक पर्ने आवास तथा अन्य सेवा सुविधाको पर्याप्त व्यवस्था हुन सकेको छैन ।

# बुढीगण्डकी बाढी प्रभावित ४४१ जनाको उद्धार, ७५० किलो राहत सामग्री ढुवानी



❑ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ असोज

ढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित ४४१ जनालाई सुरक्षित स्थानमा सारिएको छ। नेपाली सेनाले हेलिकोप्टर र स्थलमार्गबाट उद्धार टोली परिचालन गरी बुधबार विभिन्न प्रभावित क्षेत्रबाट उनीहरूको उद्धार गरेको हो।

नेपाली सेनाका अनुसार असोज २५ गते बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावितहरूको उद्धारका लागि एमआई-१७ सहित दुईवटा हेलिकोप्टर तथा स्थलमार्गबाट टोली परिचालन गरिएको थियो।

असोज २८ गते फिलिम, चुम्लिङ्ग, आरुघाट, रुम्चेत, जगत, अर्मला, उहीया र केरुङ्गा क्षेत्रबाट सात जना विदेशी नागरिकसहित ४४१ जनालाई सुरक्षित स्थानमा पुऱ्याइएको सेनाले जनाएको छ।

उद्धार टोलीले बाढीका कारण डुबानमा परेका स्थानीयका घरमा रहेका सामानसमेत सुरक्षित स्थानमा स्थानान्तरण गरेको छ। साथै, प्रभावित क्षेत्रका विभिन्न स्थानमा करिब ७५० किलो खाद्यान्न तथा राहत सामग्री ढुवानी गरिएको नेपाली सेनाले जनाएको छ।

# रास्वपाको उम्मेदवार छनोट : पैसा, पहुँच र गुटको प्रभाव नचल्ने

❑ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ असोज

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थानीय तह निर्वाचनका उम्मेदवार छनोटमा आर्थिक हैसियत, राजनीतिक पहुँच, गुटगत प्रभाव र नातासम्बन्धलाई हाबी हुन नदिने जनाएको छ।

पार्टीले उम्मेदवार छनोटसम्बन्धी रूपरेखामा नेपाली राजनीतिमा उम्मेदवार छनोट प्रक्रिया विकृत बन्दै गएको उल्लेख गर्दै अन्तिम समयमा उम्मेदवार घोषणा हुने, बन्द कोठाभित्र निर्णय लिइने र शक्ति सन्तुलनको अनुचित खेल हुने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने रास्वपाले उल्लेख गरेको छ ।

नातासम्बन्ध, पहुँच, चाकडी, गुटगत प्रभाव, आर्थिक हैसियत तथा पैसा र बाहुबलको प्रभावले उम्मेदवार छनोटमा नागरिकका वास्तविक आवाज ओझेलमा पर्ने गरेका छन्। यसले स्थानीय तहको निर्वाचनसमेत प्रभावित हुने र स्थानीय सरकारको अनुभूति नागरिकले सही अर्थमा गर्न नसक्ने अवस्था सिर्जना गरेको पार्टीको निष्कर्ष छ।

यस्तो अवस्थाको अन्त्य गर्न पार्टीले उम्मेदवार छनोटमा पूर्णतः विधि, पद्धति र प्रमाणमा आधारित प्रक्रिया अपनाउने नीति लिएको जनाएको छ।

# कर्णाली प्रदेशका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक



❑ काँक्रेविहार संवाददाता
सुर्खेत, २८ असोज

कर्णाली प्रदेशका मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छन्। मुख्यमन्त्री मंगलबहादुर शाहीको सम्पत्ति यसअघि नै सार्वजनिक भए पनि मन्त्रीहरूको भने सार्वजनिक भएको थिएन।

बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमार्फत ६ वटै मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिएको हो। जसमा सबैभन्दा धनी आर्थिक मामिला तथा योजनामन्त्री टेकराज पछाई र सामाजिक विकासमन्त्री जितबहादुर मल्ल देखिएका छन्।

सामाजिक विकासमन्त्री जितबहादुर मल्लसँग करोडौंको भौतिक सम्पत्ति र जग्गाजमिन रहेको छ। मुगुको छायाँनाथ रारा नगरपालिका-१ घर भएका मल्लसँग लाखौं मूल्यका ४ वटा घर छन्। बाँकेको कोहलपुर नगरपालिका-७ मा ३७४.२५ वर्ग मिटर क्षेत्रफलमा बनेको घर छ, जुन पेसा-व्यवसायबाट आर्जन गरेको ३० लाख रुपैयाँमा खरिद गरेको उनले बताएका छन्।

त्यस्तै, पेसा-व्यवसायबाटै जोडेको उनकी श्रीमती राधिका मल्लको नाममा मुगुको छायाँनाथ रारा-२ मा ५० लाख मूल्य बराबरको अर्को घर छ। राधिकाकै नाममा मुगुको छायाँनाथ रारा-१ मा क्रमशः ५ लाख र १५ लाख रुपैयाँ खरिद मूल्यका अन्य दुई घर पनि छन्, जसको खरिद स्रोत 'नोकरी' उल्लेख गरिएको छ।

यसैगरी, श्रीमती राधिकाकै नाममा छायाँनाथ राराका विभिन्न वडामा गरी १० ठाउँमा लाखौं मूल्यका जग्गाजमिन छन्। ती जग्गाको खरिद मूल्य ९७ लाख रुपैयाँ बराबर रहेको छ। जग्गा खरिदको स्रोतमध्य ४ वटा ठाउँको जग्गा ऋण र बाँकी नोकरी तथा व्यवसायबाट जोडेको उल्लेख छ।

मन्त्री मल्लले नोकरी र व्यवसायबाटै ४ तोला सुन र ५ तोला चाँदी जोडेको बताएका छन्। वि.सं. २०७२ मा खरिद गरेको उक्त सुनचाँदीको मूल्य ३ लाख ८० हजार रुपैयाँ उल्लेख गरिएको छ।

उनीसँग बैंक मौज्दात ३ लाख रुपैयाँ छ भने श्रीमती राधिकाको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थामा ६३ लाख रुपैयाँ ऋण रहेको उल्लेख छ।

विद्युतीय सामग्रीतर्फ १ लाख ९० हजारको एक थान मोबाइल, १ लाखको एक थान ल्यापटप र १ लाख ८० हजार बराबरको ट्याबलेट रहेको र ती सामानको स्रोत 'वैदेशिक रोजगारमा रहेकाले उपहार दिएको' जनाइएको छ।

# कांग्रेसले माग्यो सुदूरपश्चिमका मुख्यमन्त्री र मन्त्रीको राजीनामा

❑ काँक्रेविहार संवाददाता
धनगढी, २८ असोज

नेपाली कांग्रेसले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्ट र मन्त्रीहरूको राजीनामा मागेको छ। विवादित बजेट ल्याएको विषयमा नैतिक जिम्मेवारी लिएर मुख्यमन्त्री भट्टसहित मन्त्रीहरूले तत्काल राजीनामा दिनुपर्ने कांग्रेसको माग छ।

पूर्वमुख्यमन्त्रीसमेत रहेका कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले बुधबार पत्रकार सम्मेलन गर्दै मुख्यमन्त्री र मन्त्रीहरूले नैतिकताका आधारमा पद छाड्नुपर्ने बताएका हुन्। प्रदेशका आर्थिक मामिलामन्त्री चक्र मल्लले नै बजेट गलत



आएको स्वीकार गरिसकेको उल्लेख गर्दै शाहले अब सरकारमा बसिरहने नैतिक आधार नरहेको जिकिर गरे।

मन्त्री मल्लले मंगलबार प्रदेशसभा बैठकमा बजेट निर्माणको कमजोरी स्वीकार गर्दै 'दूधपोखरी बनाउन खोज्दा पानीपोखरी बनेको' अभिव्यक्ति दिएका थिए। मन्त्री मल्लले विभिन्न पक्षका सुझाव समेट्ने क्रममा बजेट गलत बनेको पत्तै नपाएको बताएका थिए। बजेट निर्माणमा भएको कमजोरी स्वयं आर्थिक मामिलामन्त्रीले स्वीकार गरिसकेको अवस्थामा मुख्यमन्त्री र मन्त्रीहरूले नैतिक जिम्मेवारी लिनुपर्ने शाहको भनाइ छ।

प्रदेशसभाबाट बजेटमाथि छानबिन गर्न संसदीय समिति गठन गर्ने निर्णय भइसकेको अवस्थामा मुख्यमन्त्री र मन्त्रीहरू पदमा बसिरहन नमिल्ने शाहले बताए। छानबिनको दायरामा पर्ने सरकारका पदाधिकारीहरू आफैं पदमा रहिरहनु संसदीय परम्पराविपरीत हुने उनको तर्क छ। 'जोमाथि छानबिन हुने हो, उहाँहरू नै पदमा रहिरहने संसदीय परिपाटीले पनि दिँदैन,' शाहले भने।

# रसुवा बाढीले १२ हजारको रोजगारी खोसेको महासंघको निष्कर्ष




❑ काँक्रेविहार संवाददाता
काठमाडौं, २८ असोज

नेपाल उद्योग वाणिज्य महासंघले रसुवाको भोटेकोसी बाढीले १२ हजार भन्दा बढीको रोजगारी खोसेको निष्कर्ष निकालेको छ। बाढीपछि प्रभावित क्षेत्रको आर्थिक तथा सामाजिक क्षेत्रको अध्ययन गरे को महासंघले बाढीबाट ५६८ व्यवसायिक फर्म तथा कम्पनीमा प्रत्यक्ष प्रभावित भएको र सो मार्फत १२ हजार एक सय जनाले रोजगारी गुमाएको उल्लेख गरेको हो।

कुल प्रभावित ५६८ व्यवसायमध्य सबैभन्दा बढी रसुवामा ७३ प्रतिशत प्रभावित भएको महासंघको अध्ययनको रिपोर्ट छ। यसैगरी नुवाकोटमा २४ प्रतिशत व्यवसायी प्रभावित हुँदा धादिङ, गोरखा र चितवनमा करिब ३ प्रतिशत व्यवसाय प्रभावित भएको पाइएको महासंघले जनाएको छ। महासंघको अध्ययनले होटल, रेस्टुरेन्ट तथा पर्यटन क्षेत्रमा मात्र १ हजार २०० व्यवसायिक फर्म प्रभावित भएको उल्लेख गरिएको छ। बाढीबाट साना व्यवसायका क्षेत्रमा २२ लाख रुपैयाँदेखि ९४ लाख रुपैयाँसम्म र ठूला व्यवसायमा ४२ करोड रुपैयाँसम्म क्षति भएको अध्ययनले देखाएको छ।

बुधबार पत्रकारसँग अन्तर्क्रिया कार्यक्रममार्फत महासंघले रसुवाको भोटेकोसीमा गत १० भदौमा आएको हिमाली सुनामीको व्यावसायिक क्षतिको अध्यक्ष प्रतिवेदन सार्वजनिक गरेको हो।

## वीरेन्द्रनगर...

अर्ब २० करोड ५४ लाख ७० हजार ५८९ रुपैयाँ, शेयर पुँजी १६ करोड २५ लाख ९१ हजार ६०० रुपैयाँ र संस्थागत पुँजी ६ करोड ८५ लाख २८ हजार ९६६ रुपैयाँ रहेको छ। त्यस्तै, सदस्यहरूलाई प्रवाह गरिएको ऋण लगानी एक अर्ब १८ करोड ७९ लाख ११ हजार ९४४ रुपैयाँ ४३ पैसा पुगेको प्रतिवेदनमा जनाइएको छ।

४४५ सदस्य सम्मानित

साधारणसभाको अवसरमा संस्थाले १२ विधाअन्तर्गत ४४५ जना सदस्यलाई सम्मान गरेको छ। संस्थाले बाल सदस्यलाई स्टेसनरी सामग्री, ज्येष्ठ सदस्यलाई पौष्टिक आहार तथा अन्य सदस्यलाई प्रशंसापत्र प्रदान गरेको जनाएको छ। साथै, ११ कित्ता संस्थागत शेयर थप गरिएको विवरणसमेत प्रस्तुत गरिएको छ। संस्थाले सदस्यको आर्थिक सुरक्षासँगै सामाजिक उत्तरदायित्वलाई पनि प्राथमिकता दिँदै आएको जनाएको छ। संस्थाका अनुसार प्रसूति हुने महिला सदस्यलाई दुई हजार रुपैयाँ मातृत्व सुरक्षा सहयोग, दुर्घटना बीमाअन्तर्गत एक लाख रुपैयाँ बराबरको सुविधा तथा सदस्यको मृत्यु हुँदा परिवारलाई २० हजार रुपैयाँ काजकिरिया खर्च उपलब्ध गराउने व्यवस्था छ।

संस्थाका प्रमुख कार्यकारी अधिकृत छत्रबहादुर थापाका अनुसार सहकारीले मुनाफा आर्जनमा मात्र केन्द्रित नभई सदस्यको आर्थिक तथा सामाजिक सुरक्षालाई प्राथमिकता दिएको छ। बचत तथा ऋण कारोबारबाट प्राप्त लाभसँगै सदस्य सुरक्षा कार्यक्रममार्फत सहकारीको प्रतिफल सदस्यसम्म पुऱ्याउने प्रयास भइरहेको उनले बताएका छन् साधारणसभाअन्तर्गतका एकाइगत कार्यक्रम संस्थाका पदाधिकारी, सञ्चालक समिति सदस्य, लेखा सुपरिवेक्षण समिति, सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमितिका प्रतिनिधि र कर्मचारीको सहभागितामा सञ्चालन भएका थिए। कार्यक्रममा शेयर सदस्य तथा समाजसेवीहरूको समेत सहभागिता रहेको थियो।


## शुभकामना

विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसर मा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण गाउँ पालिकावासी जनप्रतिनिधि, र ाष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, व्यवसायी, किसान, श्रमिक तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको

**हार्दिक मंगलमय शुभकामना**

व्यक्त गर्दछौं।

**खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऊँ**
- खाद्य पदार्थ खरिद गर्दा म्याद गुज्रिएको उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा हेर्ने गरौं।
- स्वाद नलागेका, ढुसी लागेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं।
- प्याकेजिङ क्षतिग्रस्त, कुहिएको वा अस्वस्थ अवस्थामा रहेका खाद्य पदार्थ खरिद/बिक्री नगर्ने।
- शङ्कास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं।
- मिठाई, मासु, दूधजन्य तथा मिठो चिजका खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऊँ।
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं।
- गुणस्तरहीन वा म्याद गुज्रेका खाद्य पदार्थ बिक्री/वितरण गरेको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

**सुरक्षित यात्रा गरौं**
- सवारी चढ्दा सवारी साधनको अवस्था जाँच गरौं।
- चालकले तोकिएको गति र क्षमताको पूर्ण पालना गरौं।
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं।
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं।
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं।
- क्षमताभन्दा बढी यात्रु नबोकौं।
- आफ्नो सवारी साधनको अवस्था जाँच गरी आवश्यक विश्राम लिने गरौं।
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं।
- दुर्घटना हुनसक्ने सवारी साधनको अवस्था भएमा यात्रा नगरौं।

**उत्तम शर्मा** — प्रमुख प्रशासकीय अधिकृत
**पेम्पा वाङ्छेन गुरुङ्ग** — उपाध्यक्ष
**धावा सम्डुक गुरुङ्ग** — अध्यक्ष

शे-फोक्सुण्डो गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
साल्दाङ-३, डोल्पा, कर्णाली प्रदेश, नेपाल

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# नेपालमा शंकास्पद रुपमा बसेका २४ दक्षिण कोरियाली नागरिक निष्काशित




कााँक्रेविहार संवाददाता
काठमाडौं, २८ असोज

नेपालमा शंकास्पद रुपमा बसेको भन्दै २४ जना कोरियन नागरिकलाई अध्यागमन विभागले निष्काशन गरेको छ।

उनीहरुको आचरण संदिग्ध देखिएको र उनीहरुले प्राप्त गरेको भिसाको उद्देश्यविपरीत कार्य गरेको पाइएपछि नेपालबाट निष्काशन गरिएको अध्यागमन विभागले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय, मोरङले २०८३ असोज २३ गते अनुसन्धान तथा कारबाहीका लागि अध्यागमन विभागमा उपस्थित गराएको थियो।

२४ जना दक्षिण कोरियाका नागरिकको भिसा रद्द गरी प्रस्थान गरेको मितिले ३ वर्षसम्म नेपाल आउन नपाउने गरि निष्काशन गरिएको छ। अध्यागमन कानुनबमोजिम जनही ५० हजार रुपैयाँका दरले जरिवाना गरी असोज २८ गते निष्काशन गर्ने निर्णय भएको हो।

मोरङ जिल्ला, सुन्दरहरैँचा नगरपालिका ७ मोरङ मालाती मार्गस्थित सुन्दरडाँडा क्षेत्रमा रहेको नेपाल न्यु कोभेनान्ट कलेज (एनएनसीसी) नामक शैक्षिक संस्थाको दीक्षान्त समारोह तथा धार्मिक कार्यक्रममा सहभागी भएका थिए।

पर्यटक भिसामा नेपाल आएका उनीहरुलाई धार्मिक क्रियाकलापमा सहभागी भएको सूचनाको आधारमा प्रहरीले पक्राउ गरेको थियो।

सबै कोरियन नागरिकहरुको भिसाको म्याद भने बाँकी थियो।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

# कर्णालीको भावना काठमाडौँले बुझ्न आवश्यक छ : महामन्त्री राणा

कााँक्रेविहार संवाददाता
काठमाडौं, २८ असोज

नेपाली कांग्रेसका महामन्त्री उदय शमशेर राणाले कर्णालीका समस्या काठमाडौँले बुझ्न आवश्यक रहेको बताएका छन्।

काठमाडौँमा 'आधा अध्याय' पुस्तक विमोचन गर्दै उनले कर्णाली, सुदूरपूर्व र सुदूरपश्चिमका नागरिकको भावना तथा उनीहरूले भोग्दै आएका दुःख-सुख राजधानी काठमाडौँले बुझ्न आवश्यक रहेको बताएका हुन्।काठमाडौँमा बस्ने राजनीतिक नेतृत्वले देशका विभिन्न भूगोल र समुदायका समस्या बुझ्न नसके राजनीति गर्न नहुने उनको भनाइ छ। दुर्गम क्षेत्रका नागरिकका अनुभव र कथाले आफूलाई राजनीति बुझ्न तथा उनीहरूसँग घुलमिल हुन सहयोग गरेको उल्लेख गर्दै उनले भने, 'हामीले कर्णाली, सुदूरपूर्व र सुदूरपश्चिमको भावना बुझ्नुपर्छ। काठमाडौंवासीले नबुझ्ने हामीले राजनीति गर्न सक्दैनौँ। गाउँका, विकट जिल्लाका र कर्णालीका कथाहरू सुन्दै आएकाले नै मैले राजनीति गर्न सकेको हो।'



पुस्तकका लेखक लक्ष्मणबहादुर शाहीले कर्णालीका दुर्गम बस्तीका समस्या, गरिबी, अभाव र नागरिकका दुःख-पीडालाई राज्यको नीति निर्माण तहसम्म पुऱ्याउने उद्देश्यले 'आधा अध्याय' पुस्तक लेखेको बताए। केन्द्रीकृत राज्यसत्ताबाट टाढा रहेका गाउँबस्तीका वास्तविक समस्या पहिचान गरी उचित सम्बोधन गर्नुपर्ने उनको भनाइ छ।गाउँघरका नागरिकले भोगिरहेका भौगोलिक विकटता, सामाजिक समस्या र अभावलाई पुस्तकमार्फत अभिलेखबद्ध गरी सिंहदरबारसम्म पुऱ्याउने प्रयास गरेको स्पष्ट पार्दै लेखक शाहीले भने, 'आफ्ना वास्तविक समस्याहरू, गाउँ बस्तीमा गरिबीको रेखामुनि रहेका तमाम दाजुभाइ तथा दिदीबहिनीहरूका पीडा, उकाला-ओराला, भौगोलिक विकटता र अभावहरूलाई किताबमार्फत लिपिबद्ध गरेर शासकका आँखैअगाडि सिंहदरबारका टेबलहरूसम्म पुऱ्याउने कोसिस गरेको छु। राज्य सञ्चालन गर्नेहरूले कर्णालीको वास्तविक समस्या पहिचान गरेर सम्बोधन गर्नुपर्छ।'

उनका अनुसार जुम्लाको सिञ्जा नेपाली भाषाको उत्पत्तिसँग जोडिएको ऐतिहासिक क्षेत्र हो। खस सभ्यता, मस्टो संस्कृति, मार्सी धान, स्याउ तथा ऐतिहासिक मठमन्दिर र सम्पदाले सिञ्जाको विशिष्ट पहिचान स्थापित गरेका छन्। सिञ्जा सभ्यतालाई नेपालको महत्त्वपूर्ण सभ्यतामध्ये एकका रूपमा उल्लेख गर्दै उनले त्यसको इतिहास, परम्परा र संस्कृतिबारे राष्ट्रिय स्तरमा थप चर्चा हुनुपर्ने बताए।

विगतमा बाइसे-चौबिसे राज्यका रूपमा शक्तिशाली इतिहास बोकेको जुम्लाको पहिचानलाई राष्ट्रिय राजनीतिको केन्द्रसँग जोड्नुपर्नेमा उनले जोड दिएका छन्।

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
हामीकहाँ उपलब्ध सामग्रीहरु
- हामीकहाँ उचित मूल्यमा विभिन्न प्रकारका गुणस्तरीय भाँडाकुँडा तथा भान्सामा प्रयोग हुने सामग्री उपलब्ध छन्।
- स्टिलका थाल, कचौरा, गिलास तथा चम्चा
- प्रेसर कुकर, कराई, तावा तथा प्यान
- कुकर, जग, केतली तथा पानीका बोतल
- डिनर सेट, कप-प्लेट तथा चिया सेट
- ननस्टिक भाँडा तथा किचनका अन्य सामग्री
- घरायसी तथा होटल-रेस्टुरेन्टमा प्रयोग हुने भाँडाकुँडा
प्रो. धनबहादुर चुनारा
प्रिति टेडर्स एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, गोदामलाइन, सुर्खेत

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा कर्णालीवासीका साथै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
सेवाहरू
- विशेषज्ञ चिकित्सकिय परामर्श
- प्रयोगशाला परीक्षण
- ECG/ECHO तथा अन्य डायग्नोस्टिक सेवा
- सबै उमेर समूहका लागि समग्र स्वास्थ्य सेवा
कााँक्रेविहार विशेषज्ञ पोलिक्लिनिक एण्ड डाग्नोष्टिक सेन्टर
वीरेन्द्रनगर-६, मंगलगढीचोक, सुर्खेत परिवार
फोन नं. ०८३-५९११९९

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
हामीकहाँ उपलब्ध सामग्रीहरु
- हामीकहाँ उचित मूल्यमा विभिन्न प्रकारका गुणस्तरीय भाँडाकुँडा तथा भान्सामा प्रयोग हुने सामग्री उपलब्ध छन्।
- स्टिलका थाल, कचौरा, गिलास तथा चम्चा
- प्रेसर कुकर, कराई, तावा तथा प्यान
- कुकर, जग, केतली तथा पानीका बोतल
- डिनर सेट, कप-प्लेट तथा चिया सेट
- ननस्टिक भाँडा तथा किचनका अन्य सामग्री
- घरायसी तथा होटल-रेस्टुरेन्टमा प्रयोग हुने भाँडाकुँडा
प्रो. तेजप्रकाश तिवारी
तिवारी भाँडा पसल
वीरेन्द्रनगर-६, तल्लो बजार, सुर्खेत

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, उद्यमी, लगानीकर्ता, उपभोक्ता तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
उपलब्ध शैक्षिक सामग्रीहरू
*विद्यालयदेखि क्याम्पससम्म आवश्यक सम्पूर्ण शैक्षिक सामग्री अब एउटै छानामुनि।*
- विद्यालय तथा क्याम्पसका पाठ्यपुस्तक
- सन्दर्भ पुस्तक, गाइड तथा प्रश्नपत्र सङ्ग्रह
- कथा, कविता, उपन्यास तथा साहित्यिक पुस्तक
- कापी, रजिस्टर, डायरी तथा नोटबुक
- कलम, पेन्सिल, मार्कर तथा स्टेसनरी सामग्री
- फाइल, फोल्डर, चार्ट पेपर तथा शैक्षिक सामग्री
- कार्यालयका लागि आवश्यक सम्पूर्ण स्टेसनरी सामान
प्रो. डिलबहादुर थापा
अल्फा स्टेशनरी स्टोर एण्ड जनरल अर्डर सप्लायर्स
वीरेन्द्रनगर-६, बुद्धपथ, सुर्खेत

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा कर्णालीवासीका साथै सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, दीर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
सेवाहरू
- २४ सै घण्टा आकस्मिक (इमर्जेन्सी) सेवाः दक्ष चिकित्सक तथा नर्सिङ स्टाफद्वारा।
- विशेषज्ञ सेवाः विशेषज्ञ चिकित्सकहरूद्वारा दैनिक बिरामी जाँच (OPD)।
- डिजिटल एक्स-रे सेवा।
- रङ्गीन भिडियो एक्स-रे (कलर डप्लर) सेवा।
- १२ च्यानल ई.सी.जी. (ECG) सेवाः स्वचालित रिपोर्टिङ प्रणालीसहित।
- इकोकार्डियोग्राफीः मुटुको भिडियो एक्स-रे सेवा।
- अत्याधुनिक प्रयोगशाला (Lab) सेवा।
- शल्यक्रिया सेवाः सामान्य तथा जटिल प्रकृतिका सबै प्रकारका अपरेसनहरू। दूरबिन प्रविधिः दूरबिनद्वारा पित्तथैलीको सफल अपरेसन सेवा।
- हाडजोर्नी तथा नसा रोग सेवाः विशेषज्ञ सर्जनद्वारा जोर्नी फेर्ने, मेरुदण्डको उपचार तथा C-ARM मेसिनद्वारा हाडजोर्नी सम्बन्धी सम्पूर्ण अपरेसन।
- स्त्री तथा प्रसूति रोग सेवाः महिला रोग सम्बन्धी सम्पूर्ण उपचार तथा शल्यक्रिया।
- भर्ना सुविधाः ए.सी. (AC) जडित क्याबिनहरू, डिलक्स वार्ड तथा डिलक्स क्याबिनको व्यवस्था।
- २४ सै घण्टा एम्बुलेन्स सेवा।
- २४ सै घण्टा फार्मेसी (औषधि पसल) सेवा।
- पर्याप्त पार्किङको सुविधा।
- व्यवस्थित तथा सुविधासम्पन्न बिरामी वार्ड क्याबिनहरू।
सुर्खेत हस्पिटल प्रा.लि.
वीरेन्द्रनगर-३, जुम्लारोड, सुर्खेत
फोन नं. ०८३-५२५४१७

शुभकामना
विजयादशमी, शुभ दीपावली, नेपाल संवत् तथा छठ पर्व २०८३ को पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण गाउँ पालिकावासी जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, व्यवसायी, किसान, श्रमिक तथा आम नागरिकमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
**खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऊँ**
- खाद्य पदार्थ खरिद गर्दा म्याद गुज्रिएको उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रूपमा हेर्ने गरौँ।
- स्वाद नलागेका, ढुसी लागेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौँ।
- प्याकेजिङ क्षतिग्रस्त, कुहिएको वा अस्वस्थ अवस्थामा रहेका खाद्य पदार्थ खरिद/बिक्री नगर्ने।
- शङ्कास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौँ।
- मिठाई, मासु, दूधजन्य तथा मिठो चिजका खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऊँ।
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौँ।
- गुणस्तरहीन वा म्याद गुज्रेका खाद्य पदार्थ बिक्री/वितरण गरेको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔँ।
**सुरक्षित यात्रा गरौँ**
- सवारी चढ्दा सवारी साधनको अवस्था जाँच गरौँ।
- चालकले तोकिएको गति र क्षमताको पूर्ण पालना गरौँ।
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौँ।
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔँ।
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौँ।
- क्षमताभन्दा बढी यात्रु नबोकौँ।
- आफ्नो सवारी साधनको अवस्था जाँच गरी आवश्यक विश्राम लिने गरौँ।
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौँ।
- दुर्घटना हुनसक्ने सवारी साधनको अवस्था भएमा यात्रा नगरौँ।
बमबहादुर के.सी. — प्रमुख प्रशासकीय अधिकृत
मीनाकुमारी खड्का — उपाध्यक्ष
गणेशबहादुर थापा — अध्यक्ष
भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख, कर्णाली प्रदेश, नेपाल

कााँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)